# सामाजिक विकास समितिको परिचय र क्रियाकलाप

**१. परिचयः**

लोकतान्त्रिक शासन व्यवस्थामा राज्य शक्तिको स्रोत जनता हुने र जनतामा निहित सार्वभौमसत्ताको प्रयोग जनप्रतिनिधिहरूद्वारा गरिन्छ । संसदीय शासन प्रणालीमा संसदको भूमिकालाई प्रभावकारी बनाई नियमित तथा आकस्मिक कार्यहरूलाई निरन्तर अगाडि बढाउन संसदका सदस्यहरू मध्येबाट तोकिएका सदस्यहरू रहने गरी विभिन्न संसदीय समितिहरू गठन गरिन्छन् ।

संसदीय समितिले संसदका गतिविधिहरूलाई सरल तथा छिटोछरितो तुल्याउने एवम् सरकारलाई संसदप्रति जिम्मेवार तथा जवाफदेही बनाउने कार्यमा सहजता प्रदान गर्ने हुँदा यसलाई लघु संसद (Mini Parliament) पनि भन्ने गरिन्छ । कर्णाली प्रदेश सभा नियमावलीको परिच्छेद १९ को नियम १४५ मा ४ वटा विषयगत समिति रहने व्यवस्था रहेको छ । ती विषयगत समितिहरूमध्ये सामाजिक विकास समिति प्रदेश सभाको एउटा महत्वपूर्ण समिति हो ।

प्रदेश सभाबाट समितिमा आएका विधेयकहरूलाई परिमार्जन गरी प्रदेश सभाका अन्य कार्यहरूलाई व्यवस्थित र प्रभावकारी रूपमा सम्पादन गर्न, प्रदेशका काम कारवाहीप्रति प्रदेश सभाका सदस्यलाई जागरूक, जिम्मेवार तुल्याउन र प्रदेश सरकारलाई जनताप्रति उत्तरदायी बनाउन, राज्यका हरेक नागरिकलाई शिक्षित र स्वस्थ बनाउन सके विकास र सामाजिक रूपान्तरणमा सघाउ पुग्ने हुँदा सो सन्दर्भमा यो समितिको महत्वपूर्ण भूमिका रहन्छ ।

**२. समितिको गठन प्रक्रियाः**

सभामुखद्वारा मनोनयन भएका माननीय सदस्यहरू र सदस्यहरूले आफूमध्ये छानेको अध्यक्षबाट समिति गठन हुन्छ । सदस्यहरूको मनोनयन गर्दा सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलको सदस्य संख्या, महिला, दलित, आदिवासी/जनजाति, खस, आर्य मधेसी, थारू, मुस्लीम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदायसमेतको प्रतिनिधित्व गराउनु पर्ने प्राबधान प्रदेश सभा नियमावली, २०७४ ले गरेको छ ।

समितिमा देहाय बमोजिम ८ जना माननीय सदस्यहरू रहनु भएको छ ।

| | |
|---|---|
| मा. देवी ओली | अध्यक्ष (मिति २०७७ असार २८ गतेदेखि) |
| मा. कृष्ण शाह (आचार्य) | सदस्य |
| मा. कौशिलावती खत्री | सदस्य |
| मा. पदमा खड्का | सदस्य |
| मा. ठम्मरबहादुर विष्ट | सदस्य |
| मा. यज्ञबहादुर वि.सी. | सदस्य |
| मा. रातो कामी | सदस्य |
| मा. सुशीलकुमार थापा | सदस्य |

### ३. समितिको काम, कर्तव्य र अधिकार

समितिको काम संशोधनको सूचना परी सभाबाट समितिमा आएका विधेयकहरूलाई संशोधनसहित परिमार्जन, सुधार गरी परिष्कृत गर्नुका साथै सरकारलाई प्रदेश सभाप्रति जिम्मेवार तुल्याउनु र समितिको कार्यक्षेत्र भित्रका सरकारका विगत र वर्तमानका विभिन्न काम कारवाहीहरूको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन र सल्लाह प्रदान गर्नु हो । यसको अतिरिक्त समितिका काम, कर्तव्य र क्षेत्राधिकार निम्नबमोजम रहेका छन् ।

- आफ्नो कार्यक्षेत्र भित्र पर्ने मन्त्रालय, आयोगर निकायसंग सम्बन्धित बिधेयकहरूमा दफावार छलफल गरि सोको प्रतिबेदन प्रदेश सभामा पेश गर्ने ।
- मन्त्रालय अन्तर्गतका निकायको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरू यस्तै क्रियाकलापको मूल्यांकन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशनसहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने ।
- मन्त्रीले सरकारको तर्फबाट बैठकमा समय समयमा दिएका आश्वासनलाई पूरा गर्न कर्णालीप्रदेश सरकारद्वारा के कस्ता कदम उठाइएका छन् सो सम्वन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने ।
- सभाद्वारा प्रत्यायोजित अधिकार अन्तर्गत बनाइएको नियम संविधान, सम्बन्धित ऐन, प्रचलित कानूनबमोजिम बनेको छ छैन र सरकारद्वारा प्रचलित ऐन, नियम अनुसार काम भए गरेको छ वा छैन भन्ने विषयमा मूल्यांकन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने ।
- मन्त्रालयअन्य निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्यांकन गरी सो सम्वन्धमाआवश्यक निर्देशन दिने ।
- समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधिनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने ।

### ४. समितिको सचिवालयः

प्रदेश सभा सचिवालय अन्तर्गत सामाजिक विकास समितिको सचिवालय रहेको छ । यस समितिमा प्रदेश सभा सचिवालयले तोकेका कर्मचारीहरु हुने र प्रदेश सभा सचिवालयले नै एक जना अधिकृत स्तरको कर्मचारी लाई समिति सचिव र अन्य सहायक कर्मचारीहरुलाई समिति सचिवालयको कामकाज गर्नको लागि तोक्ने व्यवस्था भए बमोजिम यस समितिमा तपशिल बमोजिमका कर्मचारीहरु कार्यरत रहेका छन्ः

| क्र.सं. | कर्मचारीको नाम, थर | पद |
|---|---|---|
| १. | श्री राजेन्द्र पौडेल | समिति सचिव |
| २. | श्री खडक बहादुर दमाईं | सहायक कर्मचारी |
| ३. | श्री प्रकाश पौडेल | सहायक कर्मचारी |
| ४. | श्री गणेशप्रसाद देवकोटा | सहयोगी कर्मचारी |

**५. समितिको कार्य क्षेत्रः**

सामाजिक विकास समितिको क्षेत्रभित्र सामाजिक विकास मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, श्रम, सामाजिक न्याय र मानव अधिकारसम्वन्धी क्षेत्राधिकार रहेको छ ।

**६. समितिमा दफावार छलफल भई पारित भएका विधेयकहरू**

- कर्णाली प्रदेश सहकारी विधेयक, २०७५
- प्राङ्गारिक कृषिसम्वन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५
- प्रदेशमा खेलकुदको विकास सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५
- कर्णाली प्रदेश स्वयम्सेवक परिचालन सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५
- खाद्यअधिकार तथा सम्प्रभुता सुनिश्चित गर्न बनेको विधेयक, २०७५

➢ *कर्णाली प्रदेश सामाजिक संघ संस्था सञ्चालन तथा व्यवस्थापन विधेयक, २०७४ सभाबाट यस समितिमा प्राप्त भएकोमा व्यापक छलफल भई अन्तिम चरणमा रहेको अवस्थामा सो विधेयक प्रदेशको क्षेत्राधिकारभित्र नपर्ने देखिन आएकाले सो विधेयकलाई सम्वन्धित मन्त्रालयको स्वीकृतीमा फिर्ता पठाइएको ।*

➢ *प्रदेशमा स्वास्थ्य सेवा प्रवाह सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ (समितिबाट पारित भएको तर सभाबाट पारित हुन बाँकी)*

**७. समितिबाट भएका केही कार्यक्रमहरुः**

१. मिति २०७६ साल असोज ९ गते बिहान ८ बजे भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय/मातहतको अनुदानबाट वीरेन्द्रनर– १, ढोडेखालीमा सञ्चालित भैंसी फार्मको सम्वन्धित मन्त्रालयका कर्मचारीसहित अनुगमन गरेको थियो ।

२. मिति २०७६ साल असोज १० गते विहान १० बजेदेखि अमरज्योती माध्यमिक विद्यालय, नेवारे र करेखोला नलखोला कृषि सडकको अनुगमन गरेको थियो ।

३. मिति २०७६ साल असोज १३ गते प्रदेश अस्पताल र आयुर्वेद अस्पतालको अनुगमन गरेको थियो ।

४. मिति २०७६ कार्तिक १९ गते भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय/मातहतको कार्यालयबाट अनुदान प्राप्त गरेका निम्नलिखित संस्थाहरूमा संसदीय अनुगमन गरिएको थियो ।

   क) हातेमालो कृषि तथा पशु सहकारी संस्था लि. बराहताल– ८, सुर्खेत ।

   ख) जनज्योती कृषि तथा पशुपालन सहकारी संस्था लि. बराहताल– ८, सुर्खेत।

   ग) सुन्द्धारी दुग्ध उत्पादन तथा वितरण कृषक समूह, बराहताल– ५, सुर्खेत ।

५. प्रदेश सभाबाट यस समितिमा पठाइएको खाद्य उत्पादन, अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक,२०७५ माथि अन्तरक्रिया तथा सुझाव संकलन

कार्यक्रमको लागि २०७६ साल कार्तिक २९ गते डोल्पा जिल्लाको दुनैमा जनपरामर्श तथा सुझाव संकलन कार्यक्रम सम्पन्न गरिएको थियो ।

६. मिति २०७६ मंसिर १८ गते भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय/मातहतको कार्यालयबाट गएको बजेटबाट निर्मित करेखोला नलखोला कृषि सडकको पुनः अनुगमन गरेको थियो ।

७. मिति २०७६ माघ २ गतेका दिन सामाजिक विकास समितिको टोलीले आ.व. २०७५/०७६ मा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय/मातहतको कार्यालयबाट गएको अनुदानबाट सञ्चालित भैसी फार्म र बधशाला निर्माण सम्वन्धमा गुर्भाकोट गाउँपालिकामा अनुगमन गरेको थियो ।

८. मिति २०७६ माघ १२ गतेका दिन सामाजिक विकास समितिको टोलीले आ.व. २०७५/०७६ मा मुगु जिल्लाको गमगडीमा निर्मित विभिन्न वधस्थल र मासुपसलहरूको अनुगमन गरेको थियो ।

९. प्रदेश सभाबाट यस समितिमा पठाइएको खाद्य उत्पादन, अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक,२०७५ माथि अन्तरक्रिया तथा सुझाव संकलन कार्यक्रमको लागि २०७६ साल माघ १३ गते मुगु जिल्लाको गमगडीमा जनपरामर्श तथा सुझाव संकलन कार्यक्रम सम्पन्न गरिएको थियो ।

१०. मिति २०७६ माघ २८ गतेका दिन समितिको टोलीले आ.व. २०७५/०७६ मा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय/मातहतको कार्यालयबाट गएको अनुदानबाट सञ्चालित के.पी. व्यवसायी सेवा प्रा.लि.को छाडा चैपाया व्यवस्थित गर्न तयार गरिएको गाई फार्मको अनुगमन गरेको थियो ।

## ८. भर्चुअल बैठक गरी भएका कामकारवाहीहरुः

समितिले विश्वव्यापी रूपमा सृजना गरेको महामारी (कोभिड– १९)को कारणले समितिका सबै माननीय सदस्यहरू एकैठाउँमा बसी समितिको बैठक बस्न नसक्ने अवस्था र समितिको बैठक बस्नु पर्ने आवश्यकता भएको हुँदा सामाजिक विकास समितिको भर्चुअल (विद्युतीय माध्यमबाट) बैठक बसी समितिका कार्यहरू अगाडी बढाउने काम भएको थियो । उक्त भर्चुअल बैठकका केही निर्णयहरूतपसिल अनुसार रहेको छः

१. समितिमा विचाराधिन रहेको प्रदेशमा स्वास्थ्य सेवा प्रवाहगर्न बनेको विधेयक, २०७६ मा विज्ञसँग परामर्श गर्ने ।

२. **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई दिइएको निर्देशनः**

- कर्णाली प्रदेशमा कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान करिब ३३ प्रतिशत रहेको र जीवनयापनको प्रमुख स्रोत पनि कृषि नै रहेकाले यस प्रदेशलाई कृषिमा

आत्मनिर्भर बनाउन आगामी आ.व. २०७७/०७८ को बजेटमा कृषि क्षेत्रलाई प्रयाप्त मात्रामा बजेट बिनियोजन गर्नुपर्ने ।

- विश्वव्यापी महामारीका रूपमा फैलिएको कोभिड– १९ बाट यस प्रदेशको कृषि र सोको अर्थतन्त्रमा पर्ने प्रभावलाई अवसरको रूपमा लिई आगामी आ.व.को नीति, कार्यक्रम तथा बजेटलाई सोतर्फ केन्द्रित गर्नुपर्ने ।
- किसानहरूलाई बीउ, मल, कृषि औजार उपकरण लगायतको अभाव हुन नदिन आपूर्ती तथा वितरणलाई सर्वसुलभ तथा प्रभावकारी बनाउन नीति तथा योजना तर्जुमा गर्नुपर्ने र सोको कार्यान्वयनका लागि कृषि सहकारी मार्फत कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने ।
- कोभिड– १९ को कारणले समग्र प्रदेश नै लकडाउन हुन गई समयमा नै किसानहरूले बाली लगाउन र भित्र्याउन नसकेको कारण कृषिमा गम्भीर असर पर्न गई खाद्य संकट तथा भोकमरीको समस्या आउने खतरा देखिएकाले यस्ता समस्याको समाधानका लागि आवश्यक व्यवस्था गर्नुपर्ने ।
- बैदेशिक रोजगारीका शिलशिलामा भारतलगायत अन्य मुलुकमा गएका नागरिकहरू रोजगारी गुमाएर स्वदेश फर्कनु पर्ने बाध्यतालाई ध्यानमा राखी उनीहरूलाई स्वदेशमा नै रोजगारी सृजना गर्न कृषि र रोजगारीलाई जोड्ने गरी स्वरोजगारमूलक स्पष्ट योजना तथा कार्यक्रम ल्याउनु पर्ने ।
- कोभिड– १९ बाट कृषि क्षेत्रमा पर्न गएको असर र त्यसले पार्ने प्रभावको गम्भिर समिक्षा गरी त्यसबाट सबैभन्दा प्रभावित क्षेत्र र किसानहरूको विवरण संकलन गरी के कस्तो क्षतिपूर्ती, राहत तथा अनुदानको व्यवस्था गर्न सकिन्छ, त्यसको बारेमा स्थानीय तहसँग समन्वय गरी आवश्यक पहल गर्नुपर्ने ।

**३. सामाजिक विकास मन्त्रालयलाई दिइएको निर्देशनः**

समितिको २०७७/०१/३१ बसेको भर्चुअल बैठकबाट कोरोना भाइरस (कोभिड– १९) ले पारेको प्रभाव, यसले हाम्रो प्रदेशमा पार्न सक्ने जोखिम आदिका विषयमा माननीय मन्त्री दल रावलसँग व्यापक छलफल भयो, छलफलमा समितिका माननीय सदस्यज्यूहरूले तपसिल बमोजिमको सुझाव दिनुभएको छ ।

- विश्वव्यापी महामारीका रूपमा फैलिएको कोभिड– १९ लगायत अन्य रोगहरूलाई ध्यान दिई प्रदेशभर स्वास्थ्यका संरचनाहरूको स्तरउन्नोती गर्न आगामी बजेटमा व्यवस्था गर्ने।
- प्रदेश अस्पताल र जिल्ला अस्पतालहरूमा प्रयाप्त मात्रामा औषधि, स्वास्थ्यकर्मी र मेशिन उपकरणको व्यवस्था गर्ने ।
- प्रदेश भर कोरोना भाइरस (कोभिड– १९) को पिसिआर विधिबाट परीक्षण गर्न प्रयाप्त मात्रामा कीटको प्रवन्ध मिलाउने ।
- प्रदेश भित्रिने नाकाहरूमा व्यवस्थित क्वारेन्टाइनको निर्माण गर्ने र त्यसको प्रयोगमा जोड दिने ।